कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

आज मिति २०८२ साल जेष्ठ १९ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : दिनको ८:०० बजे

उपस्थिति

| सि.नं. | नाम/ थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | | |
| १३. | श्री गंगा अर्याल | सदस्य | | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. | टंक प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | नवराज घिमिरे<br>दुर्ग बहादुर राना | "<br>इ.प्र.का. | |
| ३. | प्रकाश थापा | इ.प्र.का. | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | दिनेश अर्याल | कार्यालय सहयोगी | |

२. चोलाकान्त पौडेल

कार्यपालिकाको बैठक संख्याः ११

मितिः २०८३।०२।१९

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. हेफर ईन्टरनेशनल नेपालको म्याद थप सम्बन्धमा।

३. रकमान्तर सम्बन्धमा।

क) राष्ट्रपति रनिङ्ग शिल्डको नपुग रकमको भुक्तानी।

ख) राजा रुन्खा मा. वि. को फिल्ड तथा वाल सम्पन्न।

ग) दुना टपरी बनाउने तालिम सञ्चालन गुल्मीदरबार-२।

४. आर्थिक सहायताको अनुमोदन गर्ने सम्बन्धमा।

५. गाउँसभाको मिति तय सम्बन्धमा।

६. विविध सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

निर्णयहरु

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरवार गाउँकार्यपालिकाको मिति २०८२।०१।१४ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा बिलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वियन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथी छलफल गर्दा गुल्मीदरवार गाउँपालिका कृषि परियोजनाको साझेदार संस्था हेफर ईन्टरनेशनल नेपालले गाउँकार्यपालिकाबाट म्याद थपको निर्णय भएको खण्डमा आगामी आर्थिक बर्ष समेत कृषि तथा पशुपन्छीको क्षेत्रमा काम गर्न थप बजेटका लागि पहल गर्न सकिने आशय व्यक्त गरेको हुँदा आगामी आर्थिक वर्ष कृषि तथा. पशुपन्छीको क्षेत्रमा काम गर्न हेफर ईट्रनेशनल नेपाललाई म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३

यस गुल्मीदरबार गाउँसभाबाट स्वीकृत बिनियोजन ऐन, २०८२ मा उल्लेखित सिमा भित्र रहि तपसिलको खर्च शिर्षकमा रकम अभाव भएको हुँदा रकमान्तर गर्ने निर्णय गरियो।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ | मितिः २०८३।०२।१९

<u>तपसिल</u>

रकमः रु. हजारमा

| क्र.सं. | संशोधित कार्यक्रम | | | नयाँ कार्यक्रम | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रमको नाम | विनियोजित रकम | कटौती रकम | कार्यक्रमको नाम | विनियोजित रकम | थप रकम |
| १. | स्थानीय भत्ता | १,२००।- | ३००।- | राष्ट्रपतिकप रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन खर्च। | ७००।- | २००।- |
| | | | | वडा नं २ मा दुना टपरी बनाउने तालिम सञ्चालन। | ० | १०० |
| २.<br>३ | कर्मचारी योगदानमा आधारित निवृतिभरण कोष | १,०००।- | २५०।- | म्यालपोखरी मा वि को निर्माणाधिन भवनको पलस्टर | ५००।- | ५००।- |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | करार सेवा शुल्क (आन्तरिक) | १,८००।- | ४५०।- | श्री राजा रुन्खा मा. वि. फिल्ड निर्माण कार्य सम्पन्न (थप) | ५००।- | ५००।- |
| ५. | गापा स्तरीय मर्मत सम्भार | १,०००।<br>५००।- | २५०। | | | |
| | सामाजिक सुरक्षा कोष | | ५०।- | | | |
| | जम्मा | | १,३००।- | जम्मा | | १,३००।- |

<u>निर्णय नं ३(क)</u>

गुल्मीदरबार गाउँपालिका वडा नं ४ श्री राजा रुन्खा मा. वि. प्रदेश सरकारबाट हस्तान्तरित(सशर्त कार्यक्रम) अर्न्तगत गाउँपालिकाबाट भएको फिल्ड निर्माण कार्य र प्रदेश सामाजिका विकास कार्यालयका पाल्पाबाट भएको मेशिनरी वाल र सोलिङ्ग पिसिसि कार्य सम्झौता अनुसार सम्पन्न चरणमा रहेकोमा थप आर.सि.सि. स्ल्याब काम गनुपर्ने भएको हुँदा प्राविधिक ईस्टिमेटको आधारमा काम सम्मपन्न गर्ने थप स्रोत सुनिश्चित सर्वसम्मत निर्णय गरियो।

<u>निर्णय नं ४</u>

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

यस गुल्मीदरवार गाउँपालिकामा बसोवास गर्ने कमजोर आर्थिक अवस्था भएका/विपद्मा परि धन-जनको क्षति भएका/अनाथ/असहाय/आफ्नो हेरचाह आफै गर्न नसक्ने तपसिलका व्यक्तिलाई विभिन्न समयमा आर्थिक सहायता भएकोमा कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क सं | नाम थर /ठेगना | सहायता रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | जमुना ढेंगा गुल्मीदरबार ४ | ३०,०००।- | आर्थिक सहायता | सवारी दुर्घटनामा परि घाईते । |
| २ | शान्ति पुन ढेंगा गुल्मीदरबार ४ | ४०,०००।- | आर्थिक सहायता | सवारी दुर्घटनामा परि घाईते । |
| ३ | गंगा रजाली गुल्मीदरबार २ | ४०,०००।- | आर्थिक सहायता | स्वास्थ्यमा समस्या । |
| ४ | सावित्री कुमाल गुल्मीदरबार १ | ३०००० | आर्थिक सहायता | दुवै मृगौला फेल। |
| ५ | पदम बहादुर घर्ती गुल्मीदरबार २ | ४०००० | आर्थिक सहायता | खुट्टामा ईन्फेक्सन |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

**निर्णय नं ५**

गुल्मीदरबार गाउँपालिकाको गाउँसभाको १९ औं अधिमेशन (बजेट अधिभेशन) तपसिलको मिति, समय र स्थानमा सुभारम्भ गर्ने निर्णय गरियो।

**तपसिल**

- मितिः २०८३ असार ७ गते
- स्थानः गुल्मीदरबार गाउँपालिकाको सभाहल
- समयः दिनको १;०० बजे

**निर्णय नं ६**

क) गुल्मीदरबार गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि गुल्मीदरबार गाउँपालिकाका विषयगत समितिको बैठक यहि मिति २०८३ जेष्ठ २५ गते विहान ८ बजे गुल्मीदरबार गाउँपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

ख) गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटमा समेट्नुपर्ने विषय तथा अन्य समसामयिक विषयमा छलफल गर्न यहि मिति २०८३ जेष्ठ २५ गते दिनको १ बजे सर्वदलीय तथा सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम गर्ने सर्वसम्मत निर्णय गरियो।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

ग) गुल्मीदरबार गाउँपालिका स्वास्थ्य शाखा अर्न्तगत विभिन्न स्वास्थ्य चौकीमा कार्यरत तपसिल बमोजिमका कर्मचारीलाई तपसिका कार्यालयमा खटाउने निर्णय गरियो।

तपसिल

| क .सं. | कर्मचारीको नाम | हाल कार्यरत स्वास्थ्य संस्था | खटाईएको स्वास्थ्य संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | रामकृष्ण कंडेल | दरबार देविस्थान स्वास्थ्य चौकी, ०७ | अमर अर्वाथोक स्वास्थ्य चौकी, ०५ | काज |
| २ | सरोज भट्ट | अमर अर्वाथोक स्वास्थ्य चौकी, ०५ | ठुलाना स्वास्थ्य चौकी, ०६ | काज |
| ३ | रत्नेश यादव | ठुलाना स्वास्थ्य चौकी, ०६ | दरबार देविस्थान स्वास्थ्य चौकी, ०७ | काज फिर्ता |

घ) गुल्मीदरबार गाउँपालिका वडा नं १ को सामुदायिक विधुतको ६ वटा विजुलीको पोल ढलेको कारण विधुत प्रसारणमा समस्या आएकोमा नियमित विधुत प्रसारणमा प्रयोग भएका श्रमिकको ज्याला र सामाग्रीको भुक्तानी रु. ३६ हजार **अन्य सेवा शुल्क (तथ्याङ्क संकलन समेत)** (राजस्व **बाँडफाँड - संघीय सरकार**) खर्च शिर्षकबाट गर्ने सर्वसम्मत निर्णय गरियो।

Commented [G1]: अध्यक्ष ज्यू संग अनुमोदन।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ११ मितिः २०८३।०२।१९

ङ) गुल्मीदरबार गाउँपालिका वडा नं ७ स्थित माईकास्थान मन्दिर मन्दिरको अपुरो टाएल लगाउने कार्यको प्राविधिक स्टिमेड तयार गर्ने पूर्ण गर्ने र सो कार्यको भुक्तानी **पर्यटन प्रवर्द्धन** (नेपाल **सरकार समानीकरण अनुदान**) बाट गर्ने निर्णय गरियो।

च) गुल्मीदरबार गाउँपालिका वडा नं ६ स्थित दलित बस्ति लिफ्टिङ्ग खानेपानी आयोजनाको ५HP को मोटर मर्मत वा खरिदका लागि प्राविधिक स्टिमेट तयार गर्ने र कार्यसम्पन्न पश्तात सोको भुक्तानी **पाईप तथा खानेपनी मर्मत संम्भार(संघीय सरकार राजश्व बाँडफाँड)**बाट गर्ने निर्णय गरियो।

छ) गुल्मीदरबार गाउँपालिकाको चालु आर्थिक वर्षमा महिला सशक्तीकरण कार्यक्रम(शसर्त अनुदान लुम्बिनी प्रदेश सरकार) अर्न्तगत हुने उत्कृष्ट कार्यसम्पदानका लागि सकरात्मक सोंच सम्वनधी कार्यक्रम यही मिति २०८३ जेष्ठ २४ गते विहान ८:०० बजेबाट गाउँपालिकाको सभाहलमा सुभारम्भ गर्ने निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ६ सम्म

प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत